१३० औं बैठक

आज मिति २०८१।०६।०७ गते अपराह्न १:०० बजे मेलौली नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री भिम बहादुर चन्दज्यूको अध्यक्षतामा बसी तपसिल बमोजीमको उपस्थितिमा निम्न बमोजीमका प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु पारित गरिए ।

तपसिल :

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भिम बहादुर चन्द | नगर प्रमुख | |
| २ | श्री पार्वती बोहोरा (विष्ट) | नगर उपप्रमुख | |
| ३ | श्री शरद सिंह नेगी | वडा अध्यक्ष वार्ड नं. १ | |
| ४ | श्री कृष्ण दत्त भट्ट | वडा अध्यक्ष वार्ड नं. २ | |
| ५ | श्री गगन सिंह भाट | वडा अध्यक्ष वार्ड नं. ३ | |
| ६ | श्री हर्क बहादुर चन्द | वडा अध्यक्ष वार्ड नं. ४ | |
| ७ | श्री भरत सिंह पुजारा | वडा अध्यक्ष वार्ड नं. ५ | |
| ८ | श्री तारा दत्त भट्ट | वडा अध्यक्ष वार्ड नं. ६ | |
| ९ | श्री रामचन्द्र भट्ट | वडा अध्यक्ष वार्ड नं. ७ | |
| १० | श्री तपेन्द्र सिंह विष्ट | वडा अध्यक्ष वार्ड नं. ८ | |
| ११ | श्री लोक राज भट्ट | वडा अध्यक्ष वार्ड नं. ९ | |
| १२ | श्री नन्दा ओझा (भट्ट) | कार्यपालिका सदस्य | |
| १३ | श्री मानमति कामी | कार्यपालिका सदस्य | |
| १४ | श्री धाना चन्द | कार्यपालिका सदस्य | |
| १५ | श्री पार्वती भट्ट (ओझा) | कार्यपालिका सदस्य | |
| १६ | श्री धाना तिरुवा (वि.क.) | कार्यपालिका सदस्य | |
| १७ | श्री बिजय पोखरेल | कार्यपालिका सदस्य | |
| १८ | श्री सुरेश परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री धरम सिंह दयाल | कार्यपालिका सदस्य | |
| २० | श्री नारायण बहादुर चन्द | सदस्य सचिव | |

CamScanner

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

**प्रस्तावहरु :**

प्रस्ताव नं. १. ठेक्काको म्याद थप सम्वन्धमा ।
प्रस्ताव नं. २. योजना सम्फौता सम्वन्धमा
प्रस्ताव नं. ३. आधारभुत स्वास्थ्य सेवा केन्द्र सम्वन्धमा ।
प्रस्ताव नं. ४. छनौट परीक्षा संचालन गर्ने सम्वन्धमा ।
प्रस्ताव नं. ५. आयुर्वेदिक स्वास्थ्य सेवा सम्वन्धमा ।
प्रस्ताव नं. ६. पद्पुर्ति सम्वन्धमा ।
प्रस्ताव नं. ७. "घ" वर्गको इजाजत पत्र सम्वन्धमा ।
प्रस्ताव नं. ८. राष्ट्रीय बाणिज्य बैंकको शाखा माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. ९. भू-वर्गीकरण सम्बन्धमा ।
प्रस्ताव नं. १०. कार्ययोजना स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. ११. घरजग्गा अभिलेखिकरण सम्वन्धमा ।
प्रस्ताव नं. १२. वजेट विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं. १३. वडा नं. ८ को नापी मालपोत सम्बन्धमा ।
प्रस्ताव नं. १४. जिम्मेवारी निरन्तरता सम्बन्धमा ।
प्रस्ताव नं. १५. सवारी साधन खरीद सम्बन्धमा ।
प्रस्ताव नं. १६. लेखापरीक्षण सम्बन्धमा ।

भिम बहादुर चन्द
नगर प्रमुख

नारायण बहादुर चन्द
प्रमुख प्रशासकीय अधिकृत

**निर्णयहरु:**

निर्णय नं. १. प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिका अन्तर्गत संचालित रही कार्य सम्पन्न नहुँदै म्याद सकिएका ठेक्काहरुका सम्बन्धमा सम्बन्धित फर्महरुबाट कार्यतालिका र समयभित्र कार्यसम्पादन गर्ने प्रतिबद्धता समेत माग गरी सो सम्बन्धमा अर्को बैठकमा छलफल गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

निर्णय नं. २. प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको आ.व. २०८१।०८२ को स्वीकृत बजेट तथा कार्यक्रममा समावेश रहेका योजनाहरुको समयमै कार्य सम्पन्न गरी भुक्तानी प्रकृया समेतका लागि सहज होस् भन्ने उद्देश्यले सम्पुर्ण योजनाहरुको सम्झौता कार्य २०८१ मंसिर मसान्तभित्र अनिवार्य रुपमा गरिसक्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

निर्णय नं. ३. प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाका आधारभुत स्वास्थ्य सेवा केन्द्र नभएका वडाहरु वडा नं. ३ र ६ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र भवनहरु लगायत केशरपुर प्राथमिक स्वास्थ्य केन्द्रमा समेत कर्मचारी आवास प्रयोजनका लागि १ तला थप गर्न आवश्यक बजेट श्री सामाजिक विकास मन्त्रालय, सुदुरपश्चिम प्रदेश, धनगढी, कैलालीबाट माग गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

निर्णय नं. ४. प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको मिति २०८०।०१।२४ गते प्रकाशित विज्ञापन नं. ०६।२०७९।८० एम.आई.एस. अपरेटर सेवा करार माग पद संख्या १ को छनौट परीक्षा संचालन गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

निर्णय नं. ५. प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिका वडा नं. ४ को आधारभुत स्वास्थ्य सेवा केन्द्रबाट आयुर्वेदिक स्वास्थ्य सेवा समेत प्रदान गर्न आयुर्वेद वैद्य पद संख्या १ पदपुर्ती गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

निर्णय नं. ६. प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा नं. ३ र ६ का लागि अ.न.मि. पद संख्या २ र वडा नं. ८ मा रिक्त रहेको कार्यालय सहयोगी पद संख्या १ सेवा करारमा पदपूर्ति गर्नुका साथै सामाजिक विकास समिति संयोजकबाट सिफारिस भई आएबमोजिम केशरपुर प्राथमिक स्वास्थ्य केन्द्रमा रिक्त रहेको कार्यालय सहयोगी पदमा सोही संस्थामा विगत लामो समयदेखि स्वीपर पदमा कार्यरत श्री इश्वरी दयाललाई जिम्मेवारी दिई स्वीपर पद संख्या १ पदपुर्ति गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

निर्णय नं. ७. प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा काठमाण्डौं महानगरपालिका, वडा नं. १०, काठमाण्डौंबाट यस मेलौली नगरपालिका, वडा नं. ७, बैतडीमा ठाउँसारी भई आएको डि. इगल कन्सट्रक्सन प्रा.लि. लाई "घ" वर्गको ईजाजत पत्र प्रदान गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

निर्णय नं. ८. प्रस्ताव नं. ८ माथि आवश्यक छलफल गर्दा बैतडी जिल्ला सदरमुकामबाट भौगोलिक हिसाबले टाढा रहेका यस क्षेत्रका ३ वटै पालिकाहरु शिवनाथ गाउपालिका, पञ्चेश्वर गाउँपालिका र मेलौली नगरपालिकाको सरकारी कारोबार गर्नका लागि अत्यावश्यक रहेको राष्ट्रिय वाणिज्य बैंकको शाखा माग गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

निर्णय नं. ९. प्रस्ताव नं. ९ माथि आवश्यक छलफल गर्दा आवश्यक मापदण्ड बनाई यस मेलौली नगरपालिकाको भू-बर्गिकरण कार्य अगाडी बढाउने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

नारायण बहादुर चन्द
प्रमुख प्रशासकीय अधिकृत

भिम बहादुर चन्द
नगर प्रमुख

CamScanner

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

निर्णय नं. १०. प्रस्ताव नं. १० माथि आवश्यक छलफल गर्दा मेलौली नगरपालिकाको बाल विवाह अन्त्यका लागि स्थानिय रणनीति कार्ययोजना (२०८०-२०८५) स्वीकृत गर्ने निर्णय सर्वसम्मतिमा पारीत पारीत गरियो ।

निर्णय नं. ११. प्रस्ताव नं. ११ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको घरजग्गा अभिलेखिकरणको लागि ३५ दिने म्याद राखी सूचना प्रकाशित गर्ने निर्णय सर्वसम्मतिमा पारीत पारीत गरियो ।

निर्णय नं. १२. प्रस्ताव नं. १२ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको चालु आ.व. २०८१।०८२ को स्वीकृत बजेट तथा कार्यक्रमको क्र.सं. १४, सडक मर्मत तथा सम्भार कार्यक्रम, खर्च शिर्षक ३११५१ बाट मेलौली नगरपालिकाको वडा नं. ४ मा तिताबै पेल्या सडक ग्राभेल कार्यका लागि रु. २,००,०००।- र वडा नं. ६ को कांडाबजार महारुद्रधाम सडक ग्राभेलका लागि रु. ५०,०००।- विनियोजन गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

निर्णय नं. १३. प्रस्ताव नं. १३ माथि आवश्यक छलफल गर्दा बैतडी जिल्ला साबिक विशालपुर गाविस वडा नम्बर ३, ४, ५, ६ हाल तथा हालको मेलौली नगरपालिका वडा नम्बर ८ अर्न्तगतका जग्गाको नक्सा सिटहरु डडेल्धुरा जिल्ला साबिक भागेश्वर गाउँ पन्चायतको वडा नम्बर ८ र ९ अर्न्तगत नाप नक्सा भई सो सम्बन्धी सम्पुर्ण विवरणहरु, नक्सा, प्लट रजिष्टर, श्रेस्ता, फिल्डबुक लगायतका सम्पुर्ण कागजात डडेल्धुरा नापी कार्यालय र मालपोत कार्यालय डडेल्धुरामा रहेको हुदाँ यस मेलौली नगरपालिका वडा नम्बर ८ का सम्पर्ण सेवाग्राहीहरुले जग्गा सम्बन्धी कामको लागि डडेल्धुरा जिल्ला र अन्य प्रसाशनिक कामको लागी बैतडी जिल्ला जानुपर्ने अवस्थाले गर्दा यस क्षेत्रका सेवाग्राहीहरुले सास्ती भोग्नु परिरहेकोले आवश्यक प्राविधिक सहयोग लगायत डडेल्धुरा नापी कार्यालय र मालपोत कार्यालय डडेल्धुरामा रहेको बैतडी जिल्ला, मेलौली नगरपालिका वडा नम्बर ८ अर्न्तगतका सम्पुर्ण नक्सा, फिल्डबुक, श्रेस्ता, प्लट रजिष्टर र मुठ लगायतका सम्पुर्ण कागजात नापी कार्यालय बैतडी र मालपोत कार्यालय बैतडीलाई हस्तान्तरणको लागी आवश्यक प्रक्रिया अगाडी बढाईदिन मालपोत बिभाग र नापी बिभागलाई आवश्यक निर्देशन गरिदिन हुन भनी भुमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई अनुरोध गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

निर्णय नं. १४. प्रस्ताव नं. १४ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाबाट निकासी हुने पशुपंक्षी तथा चौपायाको निकासी कर राजस्व संकलनका लागि पायक हुने स्थान मेलौली नगरपालिका, वडा नं. २, सलेनामा यसअघी जिम्मेवारी दिइएकोमा विविध कारणबस केही वर्षयता जिम्मेवारीको म्याद थप हुन नसक्दा निकासी कर राजस्व चुहावट भइरहेको तथा निज व्यक्तिले समेत जिम्मेवारी अवधी थपका लागि यस कार्यालयमा निवेदन पेश गरेकाले साविककै सेवा शर्तहरु लागु हुने गरी २०८२ असार मसान्तसम्मका लागि जिम्मेवारी अवधि थप गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

निर्णय नं. १५. प्रस्ताव नं. १४ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको चालु आ.व. २०८१।०८२ को स्वीकृत बजेट तथा कार्यक्रमको क्र.सं. १०, नगरपालिकाको जिप, टेयाक्टर र मोटरसाइकल खरीद कार्यक्रम, खर्च शिर्षक ३११२१ बाट कार्यालय प्रयोजनका लागि स्कार्पीयो गाडी, ट्याक्टर र मोटरसाइकलहरु खरीद गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

निर्णय नं. १६. प्रस्ताव नं. १६ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको लेखा परीक्षण प्रतिवेदन तयार गरेबाफत लेखापरीक्षकको पारीश्रमिक ०.२५% हुने गरी लेखा परीक्षण गर्न इच्छुक राजिष्टर्ड लेखा परीक्षकहरुबाट आवेदन आहवान गरी सूचिकृत लेखा परीक्षकहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार माग भएका ३ जना मध्ये प्र.प्र.अ. ले तोकेको परीक्षकबाट परीक्षण गर्न लगाउने गरी आवश्यक व्यवस्था मिलाउने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

भिम बहादुर चन्द
नगर प्रमुख

नारायण बहादुर चन्द
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner